**प्रश्न नं. ८०**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ९६३८ देखि ९७५९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

मेदीनिप्रसाद न्यौपानेको जाहेरीले नेपाल सरकार

बिरुद्ध

झापा जिल्ला धाइजन नगरपालिका वडा नं. २

मुद्दाः-ज्यान सम्वन्धी कसूर

मिति २०७५।८।५ गते दिनको १४.०० बजेको समयमा जिल्ला झापा, धाइजन नगरपालीका वडा नं.४ स्थित कालिका सामुदायिक वनको मध्यभागमा कर्तव्य गरी मारेको देखिने महिलाको लास छ भनी स्थानीय जनताले फोन गरेका हुँदा निज महिलाको नाम, थर, वतन पत्ता लगाई सनाखत गराउन तथा अपराधी पत्ता लगाई कानूनबमोजिम कारवाही हुन प्रतिवेदन पेश गरेको छु भन्ने समेत व्यहोराको प्र.स.नि.केशवराज कटुवालको मिति २०७५।८।५ को प्रतिवेदन ।

महिलाको लास गुलाबी रंगको सल माथि उत्तानो अवस्थामा रहेको देखिएको, दुवै आँखा बन्द, वरिपरि नील भएको, नाकको दुवै प्वालबाट रगत निस्की सुकेको, मुख अर्ध खुल्ला भई जिब्रो टोकेको, बीच निधारमा ३ इन्च गोलाईको चोट हेर्दा भित्र हड्डी देखिएको, घोप्टो पारी हेर्दा नाकको प्वालबाट रगत निस्केको, योनी मलद्वार सामान्य, देब्रे नाडीमा अप्रेशन गरी सिलाई गरेको पुरानो टाँकाहरू, दुवै कुहिनामा दरफरिएको घाउहरू, देब्रे गालामुनी च्यापु किलकिलेसम्म नीलडाम र प्रष्ट नदेखिने खुट्टाले टेकेको बालुवा देखिएको पेटमा नीलो डाम बसेको देखिएको, बेवारेसे महिला भन्ने समेत व्यहोराको घटनास्थल तथा लासप्रकृति मुचुल्का ।

इलाका प्रहरी कार्यालय काकरभिट्टाबाट मलाई सबूद प्रमाण र फोटोहरू देखाउँदा प्रष्टसँग चिने । उक्त सामानहरू र फोटो मेरी आमा वर्ष ३७ की कल्पना भन्ने यामकुमारी सुवेदीका हुन । गरी दिएको सनाखत कागज ।

आमा कोठामा एक्लै हुनुहुन्थ्यो । म मिति २०७५।८।९ गते ८.०० बजे कोठामा आउँदा ढोकामा ताला लगाएको थियो । छिमेकी कोठावाला सुनीता रायलाई सोद्धा मिति २०७५।८।६ गते दिउँसो २ बजेतिर नै दुर्गापुर जान्छु भनेर हिड्नु भएको थियो भनी बताउनु भयो । एक जना गोरो, अग्लो, अनुहारमा खत भएको मोटो बाँयापट्टि ओठमाथि सानो कोठी भएको घर बुधबारे जयपुर, थर नेवार (श्रेष्ठ) बताउने अं. ३०र३५ वर्षको पुरुष मान्छे

## प्रश्न नं. ८०

बेलुका ४र५ बजेतिर म स्कूलबाट कोठामा आउँदा आमासँग बसी गफ गरी रहेको भेटिन्थ्यो । आमाले यो त तेरो मावली हजुरबुवाको बहिनीको छोरा तेरो मामा पर्ने पो हो त भनेर सम्झाउनु भयो । मैले बुधबारे घर हो, श्रेष्ठ थर हो भने कसरी मेरो मामा हुन्छ भनेर आमालाई हप्काउँदा आमा बोल्नु भएन । अरु कुनै छोरा मान्छेसँग आमा हिडडुल गफ गरेको मलाई थाहा छैन । निजले नै मेरो आमालाइ कर्तव्य गरी मारेको हो भन्ने मृतकको छोरा चुडामणि सुवेदीले सोमनाथ सुवेदीको रोहवरमा गरेको घटना विवरण कागज ।

यसमा यस कोठामा पूर्वबाट पश्चिम फर्काई उभ्याएको ५ जना मानिसहरूमध्ये उत्तर (दाहिने) बाट दोस्रो स्थानमा उभिएको व्यक्ति राजकुमार श्रेष्ठलाई देखाई मृतकका छोरा चुडामणि सुवेदीले गरिदिएको सनाखत कागज ।

निज अपराधीले मेरी छोरी कल्पना भन्ने यामकुमारी सुवेदीलाई कर्तव्य गरी मारी गरगहना तथा नगद समेत लगेकोमा विश्वास लागेको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको मृतकको बाबु मेदनीप्रसाद न्यौपानेले दिएको जाहेरी दरखास्त ।

मृतकको मृत्यु Head injury को कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन र भेजेनल स्वाव समेत परीक्षण गर्दा Spermatozoa not seen भन्ने मेडिकल ल्याब टेक्नोलोजिष्टको रिपोर्ट, दाहिने आँखा बाहिर निस्केको, नाक मुखबाट रगत आएको भन्ने व्यहोराको शव परीक्षण प्रतिवेदन ।

कल्पना भन्ने यामकुमारी सुवेदीलाई मारिएको घटनास्थल तथा लास प्रकृति मुचुल्काको व्यहोरा र मृतकका फोटोहरू हेरो, पढे तर मैले उसलाई जीवनमा कहिले देखेको चिनेको नहुँदा मैले कर्तव्य गरी मारेको होइन । मेरो अर्को केटि संग सम्वन्ध छ । निजलाई यहि जंगलमा लिएर आउथे तर कल्पना संग मेरो कुनै सम्वन्ध छैन नजिनेको मान्छेलाई मार्ने कुरै भएन भन्ने अनुसन्धान अधिकारी संग राजकुमार श्रेष्ठको वयान

राधा, गोमा, राधिका, प्रमी सवैले कल्पना भन्ने यमकुमारीलाई निजले पटक पटक यहि जंगलमा ल्याई धेरै वेर वसि दुवै जना काखमा वस्ने गर्दथे, निजले नै यमकुमारीलाई मारेको हो भन्ने घटना स्थल मुचुल्का

मिसिल संलग्न सम्पूर्ण कागजातहरूबाट प्रतिवादीले योजनाबद्ध तरिकाले मिति २०७५।४।१३ गते बेलुकी पख मृतक कल्पना भन्ने यामकुमारी सुवेदीलाई घटनास्थल जंगलमा पुर्याई ढुङ्गाले निधारमा प्रहार गरी सो पश्चात् घाटीमा थिची कर्तव्य गरी मारेको पुष्टि भएकाले प्रतिवादी राजकुमार श्रेष्ठले कल्पना भन्ने यामकुमारी सुवेदीलाई कर्तव्य गरेर मारी मुलुकी फौजदारी अपराध सहिताको दफा १७७(१) नं. विपरीत ऐ. महलको १७७(२) नं. का

**प्रश्न नं. ८०**

कसूर गरेको देखिँदा निज प्रतिवादी राजकुमार श्रेष्ठलाई नं.बमोजिमको सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

प्रतिवादीले अदालतमा इन्कारी वयान

झापा जिल्ला वाट भएको फैसला

उच्च अदालत झापामा प्रस्तुत गरेको पुनरावेदनपत्र